जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २८, २०८१ फागुन ८ गते विहीबार, 20 Feb. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

प्रजातन्त्र दिवसको शुभकामना सन्देश



राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । स्वतन्त्रता र राष्ट्रहितका खातिर आफ्नो प्राणको आहुती दिने वीर सहिदहरुको स्मरण गर्दै उहाँहरुप्रती उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको इतिहासमा २००७ साल फाल्गुन ७ गते एक महत्त्वपूर्ण दिनको रुपमा रहेको छ ।निरंकुशता विरूद्ध सङ्गठित रुपमा नेपाली जनता आन्दोलनमा होमिएर जहाँनिया राणा शासनलाई परास्त गर्न सफल आजको दिन गौरवपूर्ण र सुनौलो बिहानी बोकेको दिन हो । फाल्गुन ७ को जगमा टेकेर आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ । आजको दिनले इतिहासको यो गौरवशाली समय बिन्दुलाई पुनर्ताजगी गर्दै र राष्ट्रिय एकता र स्वाभिमानलाई कायम राखी समृद्ध नेपाल निर्माणमा लाग्न हामी सबैलाई प्रेरित गर्दछ । आ-आफ्ना पार्टीगत स्वार्थलाई त्यागेर देश निर्माणको अभियानमा सम्पूर्ण राजनैतिक दलहरु होमिनुपर्ने आवश्यकता छ । हामीले जुटेर नै राजनैतिक फड्को मारेका छौं। अब फेरि जुटेर हामीले मुलुकमा आर्थिक समृद्धि मित्र्याउनु छ । विश्वमा भएका द्रुतगतिका परिवर्तनको लहर र नेपाली जनताको अपेक्षालाई आत्मसात् गरेर अघि बढ्नुबाहेक अर्को कुनै विकल्प हामीसँग छैन ।

स्वतन्त्र र समतामूलक समाज निर्माणमा अघि बढ्न आजको दिनले हामीलाई थप प्रेरणा र हौसला दिने विश्वास लिएको छु । समुन्नत राष्ट्र निर्माणको परिकल्पना साकार पार्न सबैमा उर्जाशीलता वृद्धिको अपेक्षा सहित् पुन: सबैमा प्रजातन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु ।

दीपक प्रसाद देवकोटा (प्रदेश प्रमुख)

२०८१/११/०७ बुधबार ।

११४५, सिल्लागा:षष्ठी



कर्मचारी पुनर्वहाली गर

९६ श्रमिक निष्कासित

मजदुरलाई काममा फर्काउन बर्तौलाको ध्यानाकर्षण, ट्रेड युनियन महासंघको ध्यानाकर्षण

मकवानपुर । मकवानपुर को हेटौंडास्थित औद्योगिक क्षेत्रमा रहेको एन्टार्टिक बिस्कुट उद्योगले लामो समयदेखि कार्यरत ९६ मजदुर लाई रोजीरोटी खोसेर कामबाट निकालेपछी उद्योगमा भण्डै एकसाताबाट चरणबद्ध आन्दोलन जारी छ ।

नेपाल कै ठुलो र पुरानो औद्योगिक क्षेत्रको रूपमा रहेको हेटौंडा औद्योगिक क्षेत्र मित्र रहेको एन्टारटीक बिस्कुट प्रा. लि.ले एकै साथ कर्मचारी अवकाश गरेपछि अहिले आन्दोलन चर्काइएको हो । उक्त बिस्कुट कारखानामा करिब ४०० जना श्रमिकहरू काम गर्दै आएका छन्।

जसमध्ये उद्योगले ९६ श्रमिक मजदुरलाई निष्काशन गरेपछि उद्योगमा जिफन्टको नेतृत्वमा सशक्त विरोध र चरणबद्ध आन्दोलन सुरू भएको हो । व्यवस्थापन पक्षले गैरकानुनी तवरले अनुचित श्रम अभ्यास गरेको विरूद्धमा १ फागुनदेखि थालेको आन्दोलनलाई थप चर्काउने श्रमिकहरूले चेतावनी दिएका छन् । नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) ले यस कार्य तुरून्त बन्द गरेर श्रमिकलाई यथासिघ्र पुनर्बहाली गर्न माग गरेको छ ।

समग्र उद्योग ट्रेड यूनियन नेपाल मकवानपुरका अध्यक्ष केशव प्रसाद अधिकारीका अनुसार उद्योगले बिना कारण स्थायी तथा करारका समेत गरी ९६ जना नियमित रूपमा काम गर्दै आइरहेका श्रमिकलाई गैरकानूनी ढंगले निष्काशन गरेको हो। उद्योगले श्रमिकको मौलिक हक हनन नगर्न माग गर्दै श्रमिकहरू गैरकानूनी तरिकाबाट निष्काशनमा परेकालाई पुनर्वहाली गर्नुपर्ने माग राख्दै आन्दोलन गरेको हो ।

उद्योग व्यवस्थापन पक्षको गलत कदम नसच्चिए आन्दोलन थप चर्काउने चेतावनी जिफन्टले दिएको छ । श्रमिकहरूलाई निष्काशन गरिएको विरूद्धमा जारी संघर्ष र थप योजना निर्माणका लागि हेटौंडास्थित जिफन्ट प्रदेश कार्यालयमा समग्र उद्योग ट्रेड यूनियन नेपालका केन्द्रीय अध्यक्ष आनन्द थामी, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) बागमती प्रदेश अध्यक्ष रामहरि नेपाल, उपाध्यक्ष अर्जुन अर्याल लगायतको उपस्थितिमा बसेको बैठकले जारी विरोध कार्यक्रमलाई यथावत राख्दै फागुन ७ गते मजदुरहरुको तर्फबाट व्यापक विरोध गर्ने निर्णय लिएको छ ।

त्यस्तै समग्र उद्योग ट्रेड यूनियन नेपाल केन्द्रीय अध्यक्ष आनन्द थामीको संयोजकत्वमा रामहरि नेपाल, अर्जुन अर्याल, धर्म बस्नेत, भवानी शर्मा, सन्तोष पौडेल, लालकृष्ण प्याकुरेल, केशव अधिकारी र बुद्ध विक रहेको आन्दोलन परिचालन स्टेरियङ कमिटी निर्माण गरिएको छ । विरोध अन्तर्गत आबद्ध घटक र जन संगठनहरूबाट ऐक्यबद्धता जाहेर गर्ने, मिडिया परिचालन गर्ने, फागुन ६ गते पत्रकार सम्मेलन गर्ने लगायतको निर्णयहरु सार्वजनिक गरिएको छ ।

यसैबीच, हेटौंडा औद्योगिक क्षेत्रमा रहेको एन्टार्टिक बिस्कुटबाट निकालिएका मजदुरलाई तुरून्तै काममा फर्काउन मुख्य सचेतक महेश कुमार बर्तौलाले संसदमा ध्यानाकर्षण गराएका छन् ।

मुख्य सचेतक बर्तौलाले ५ फागुन सोमबारको प्रतिनिधि सभाको शुन्य समयमा बोल्दै श्रमिकको अधिकार सुनिश्चित गर्न उद्योग व्यवस्थापनसँग माग र आवश्यक सहजिकरणको लागि श्रम मन्त्रालयको ध्यानाकर्षण गराएका हुन् ।

विवादको प्रकृया चल्दै गर्दा वार्ता पनि चलिरहेको थियो । वार्ताकै क्रममा व्यवस्थापनले ९६ जना श्रमिकहरूलाई रोजगारीबाट हटाउने काम भएको उक्त कमद सच्याउन माग गरिएको बर्तौलाले बताए ।

रोजगारबाट हटाईएको श्रमिकहरूलाई व्यवस्थापनले अविलम्ब काममा फर्काउने वातावरण बनाउन बर्तौलाले माग गरे । *बाँकी पेज ३ मा*



प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

फोहोरको दिगो व्यवस्थापन

देशकै सफा शहर हुँदै ३ पटक पुरस्कार पाएको हेटौंडा उपमहानगरपालिकाको फोहोर माघ अन्तिम साता ६ दिन उठेन । उपमहानगर पालिकाले अहिले नगर क्षेत्रबाट संकलन गर्दै आएको फोहोर व्यवस्थापनको नाममा डम्पिङ गर्दै आएको राप्ती खोला क्षेत्रका कारण वातावरण प्रदुषण भएको भन्दै अदालतमा परेको रिटको सुनुवाइमा अल्पकालिन आदेश जारीको ३ दिन पछि सूचना जारी गर्दै उपमहानगरले फोहोर संकलन रोकेको थियो । नगर अर्को वैकल्पिक स्थान नभएकोले अदालतको आदेश देखाउँदै फोहोर अर्को व्यवस्था नभएसम्म नउठाउने भनेर पन्छियो ।५० वर्षअघि स्थापना भएको नगरको लागि फोहोर व्यवस्थापन गर्दै आएको राप्ती नदि क्षेत्रमा बेला बखत आगो लाग्ने गरेको तथा व्यवस्थित डम्पिङ नभएकोले वातावरण प्रदुषण हुने गरेको भन्दै स्थानीय नगरवासीले आवाज नउठाएका होइन् । पटक पटक त्यही कार्य दोहोरिदैं गए पछि एक जना जनप्रतिनिधि प्रशासनलाई गुहारे। अदालतमा रिट हाले । यद्यपी रिट दुबै पक्षको छलफलपछि खारेज गऱ्यो अदालतले । तर हेटौंडाको फोहोर व्यवस्थापनमा चुनौतीसँगै बैकल्पिक स्थानको खोजी अपरिहार्य भएको छ ।

बढ्दै गएको जनसंख्याको लागि दिर्घकालसम्म थेग्ने गरी फोहोर व्यवस्थापनको विकल्प मने उपमहानगरपालिका नभएको प्रवक्ता ले भन्दै आएका छन् । २०७९ साल भदौमा फोहोर व्यवस्थापनको लागि गठन गरेको कार्यदलले समेत केही गरेको छैन । जनप्रतिनिधिको दिर्घकालिन सोच नभएको तथा फोहोरलाई वर्गीकरण गरेर पुन प्रयोग गर्ने गरी कार्य गर्न ढिला भएन र ? स्थानीय सरकार ? कोभिड अघिसम्म स्रोतमै वर्गीकरण गरेर संकलन गरिएको फोहोर अहिले किन भद्रगोल पाराले उठाउँदै खन्याउँदै गरिएको छ । स्रोत साधन भएर पनि अन्य संस्थालाई मात्रै फोहोर संकलन गर्न दिंदा भोलीलाई यसको असर पर्ने त छ नै डम्पिङ साइट व्यवस्थित नहुँदा बातावरण प्रदुषणको पाटो अर्कोतिर छ । कुनै व्यस्थित स्थानमा डम्पिङ साइट निर्माण गर्नतर्फ समयमै ध्यान दिनु जरूरी छ ।

आदर्श चिन्तनको नमूना, केटी हराएको सूचना





प्रीति आत्रेय ज्ञवाली

'हाम्रो देशमा धर्मलाई अतिक्रमण गरिरहेका बेला चलचित्रका दुई प्रमुख पात्र, नायक र नायिकाको मुख्य नाम राम र सीता राखिनु, चलचित्रका प्राय: सबै भाग जनकपुरमै छायाङ्कन गर्नुले हामीलाई बेलाबेलामा त्रेतायुगका राम र सीताबारे स्वत: सोचमग्न गराउँछ । कतै तिनै राम र सीताले पुनर्जन्म लिएर फिल्मी परिवेशमा जनकपुरमा आएर दर्शकलाई सम्मोहित गराएकोजस्तो भान पनि गराउनसक्छ'

हामीले विभिन्न खालका सूचनाहरु हेर्दै र पढ्दै आएका छौं र मिलेसम्म सूचनालाई बुझ्न र जान्न सूचनास्थलमा पनि पुग्ने गर्छौं । त्यस्तै फरक धारमा बनेको सूचना हो 'केटी हराएको सूचना' । झट्ट हेर्दा र पढ्दा कसैलाई यो सूचनाले र पोस्टरले अल्मल्याउन सक्छ, कस्तो सूचना हो ? केटी हराएको भन्या छ केटा पनि छ पोस्टरमा १ प्रसन्न मुद्रामा तन्नेरी युवा युवतीको फोटो छ तर पनि केटी हराएको किन भनिएको छ भन्ने लाग्नसक्छ १ यो रहस्यपूर्ण चित्ररपोस्टर कुनै हराएको व्यक्तिको पोस्टर नभै एक चलचित्रको पोस्टर हो जसमा एक पहाडी मूलकी युवतीलाई मधेसी मूलका युवाले अपहरण गर्दा बनेको कुरालाई आधारित रहेर बनाइएको छ ।

फरक स्वाद र फरक भावको स्वदेशी माटोमा स्वदेशी भाषामा बनेको पवित्र मन र सोचले नेपालको ओझेलमा परेको मधेसलाई सबै नेपाली दर्शकसामु ल्याएर मधेसको पहिचानलाई बचाउन आफ्नो वर्षौंदेखिको कलाकौशल, खरिएको सीप र अनुभवका आधारमा आफ्नो मातृभूमिमा रूझ्दै, आफू पहाडी समुदायको भएर पनि मधेसी समुदायलाई अगाडि ल्याउन र चिनाउन आफ्नो चलचित्र Missing केटी हराएको सूचना } मार्फत सबैमाझ प्रस्तुत भएको छ, जसलाई ल्याउन सफल बन्नुभएको छ चलचित्र निर्देशक श्री दीपेन्द्र गौचन ।

आजको मितिसम्म आइपुग्दा, धेरै जनाले यो चलचित्र हेरेर चलचित्रको मौलिकतालाई आ आफ्नो ढङ्गले बुझिसक्नुभएको होला । मलाई पनि चलचित्र हेरिसकेपछिका केही बुझाइहरुलाई नलेखी मेरो मनले मान्दै मानेन र मनको सुन्दै आफ्ना विचार हरुलाई यहाँ प्रस्तुत गर्न जमकी गदैछु ।अहिले जताततैबाट हाम्रो देशमा धर्मलाई अतिक्रमण गरिरहेका बेला चलचित्रका दुई प्रमुख पात्र, नायक र नायिकाको मुख्य नाम राम र सीता राखिनु, चलचित्रका प्राय: सबै भाग जनकपुरमै छायाङ्कन गर्नुले हामीलाई बेलाबेलामा त्रेतायुगका राम र सीताबारे स्वत: सोचमग्न गराउँछ । कतै तिनै राम र सीताले पुनर्जन्म लिएर फिल्मी परिवेशमा जनकपुर मा आएर दर्शकलाई सम्मोहित गराएकोजस्तो भान पनि गराउनसक्छ ।

अहिलेको आधुनिक जमानामा सबै मान्छेले आध्यात्मिक भाव नरूचाउन सक्छन् भनेर निर्देशक गौचनले नायक नायिकाको नामलाई आधुनिक नाम दिएर पौराणिक कुरालाई अद्यावधिक गर्न खोजेको हो कि भने जसरी पनि सोच्न बाध्य बनाउँदो रहेछ । कलाकार मार्फत समसामयिक परिवेशमा बुन्दै मिथिलाको कला र संस्कृतिको पहिचानलाई सबैसामु प्रष्ट्याउन, विभिन्न माध्यमबाट मिहीन ढङ्गले चित्रण गरिएको छ । चलचित्रमा नारी पात्रलाई पहाडिया र पुरूष पात्रलाई मधेसी पात्रका रुपमा र दुईबिचको वार्तालापका माध्यमबाट निर्देशक गौचनले नेपालमित्रै मधेस (तराई) र पहाड भए तापनि पहाडिया र मधेसीबिचको बुझाइको कमजोर कडीलाई सटीक रुपमा विभिन्न भाव, शब्द र उदाहरणका माध्यमबाट प्रस्तुत गर्न सफल बन्नु भएको छ ।

त्यस्तै, मधेसी पात्रका रुप, रङ्ग र विभेदलाई राम्ररी बुझाउन मधेसी आन्दोलनको कुरालाई चलचित्रको कथामा सम्वादमा प्रस्तुत गरेर तात्कालिक आन्दोलनले निम्त्याएको समस्या, मधेसी र पहाडीबिचको अटुट मित्रता र सम्झौतालाई प्रस्तुत गरेर चलचित्रको माध्यमले मधेस र पहाडबिचको विभेदको पर्खाललाई ढाल्न यो चलचित्र शक्तिशाली रुपमा उभिएको छ ।

चलचित्रमा पहिले नायिकाको अपहरण पछि फेरि उल्टै नायिकाले नायकलाई बन्दी बनाउनु अनि फेरि दुवै नायक नायिकामा सम्झौता हुनु र एकार्कामा प्रेम मौलाउनु, चलचित्रमित्रका भिन्न भिन्न स्वादका सम्वाद, सबै कुरालाई संस्कार र संस्कृति अनुसार मर्यादित ढङ्गले प्रस्तुत गर्दै मातृप्रेम, मातृभूमिप्रेम, मायाप्रीति, समर्पण, ग्रामीण परिवेश, कला आदि विविध कुरालाई रोचक तवरमा प्रस्तुत गरेर चलचित्रमा आफ्नै देशको स्वत्वपनलाई राम्ररी उजागर गर्न निर्देशक सफल बनेको चलचित्र हेरेका दर्शकहरुल स्वत: प्रष्ठतया अनुमान लगाइसकेको हुनुपर्छ ।

चलचित्रमार्फ नेपाली कलाकाक्षेत्रमा फरक स्वाद र परिवेशमा जनकपुरका माध्यमबाट आफ्नो देश नेपालको मधेसलाई चिनाउन सफल बनेका छन् । प्राय: नेपालभन्दा धेरैजसोले काठमाडौं पोखरा, लुम्बिनी, सगरमाथा भनेर चिन्नेले जनकपुरलाई पनि राम्ररी चिन्ने भएका छन् साथै मधेसलाई पनि राम्ररी ध्यान दिन र बुझ्न थालेका छन् । मधेस बुझ्न र चिन्नकालागि एक अभियानकै रुपमा यो चलचित्र Missing (केटी हराएको सूचना) ले यौटा नजीर स्थापित गरेको छ । साथसाथै साथीभाइको खिसीट्यूरीले पात्र राम कसरी अपहरण गर्न बाध्य हुन्छ र पात्र सीता पनि आफ्नै अभिभावकको जबर्जस्ती बिहे गर्नैपर्छ भन्ने दबावले बाध्य भएर घर बाट भाग्न हिँडेको कुरा र पछि गएर दुवैले साथी र घरमा देखाउनकै निम्ति सँगसँगै फोटो लिएको कुरालाई भावुक र मार्मिक रुपले पेश गरिएको छ । जसबाट निर्देशकले कसैको दबाव वा होच्याइले व्यक्तिको मानसिकतामा केकस्तो असर पर्छ भन्ने कुरालाई चलचित्रमा देखाएर वर्तमान परिप्रेक्ष्यका युवायुवतीहरु र अभिभावकहरुलाई सतर्क रहनकालागि चलचित्रकै माध्यमबाट सन्देश दिने प्रयत्न गर्नुभएको छ ।

चलचित्रका दुई पात्रबाट शुरु भएर दुई पात्रमै टुङ्गिने यस चलचित्रको कथावस्तुले जीवनमा विभिन्न आरोह अवरोहलाई सम्वादको रुपमा देखाउँदै आफ्नो मातृभाषा, राष्ट्रभाषा दुवैमा पोख्त युवकलाई स्वाभिमानी मधेसी पात्रको रुपमा उभ्याएको छ । सरल जीवन र सादा पोशाकमा आफ्नै नेपालभित्रको जिल्लामै सुन्दर छवि र दृश्यको रसास्वादन गराउँदै भाइचाराको माध्यमबाट मधेस र पहाडलाई जोड्दै देशप्रेमको भावलाई 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" उक्तिले जस्तै देशप्रेम र जन्मभूमि प्रतिको मोहलाई कूटनैतिक ढङ्गमा दर्शाउन सफल निर्देशक गौचन बधाईका पात्र बन्नुभएको छ । दुई दशकजति विदेशी भूमिमा बसेर पनि स्वदेशी माटोमा मिजेर स्वदेशी भाव र भाषालाई जस्ताकोतस्तै उतारेर राष्ट्रप्रतिको प्रेम उजागर गरिएको यस स्तुत्य कार्यको जति प्रशंसा गरे पनि कमै हुन्छ ।

अहिले स्वदेशका मानिसहरुले विदेशमा गएर चलचित्र बनाइरहँदा स्वदेशमै बसेर स्वदेशी माटोमा स्वदेशी धारमा महत्वपूर्ण सन्देश बोकेको चलचित्र पस्केर एक उदाहरणीय व्यक्तित्व बन्न सफल बन्नुभएकोमा यस चलचित्रका निर्देशक दीपेन्द्र गौचन हार्दिक बधाई छ । साथै चलचित्रका नायक नायिकाका प्रत्यक्ष र परोक्ष रुपमा साथ दिने सबै चलचित्र टिम पनि बधाईका पात्र हुनुहुन्छ । आगामी दिनमा पनि यस्तैखालका उदाहरणीय काम गर्दै जानुहोला भनी यही मुक्तककासाथमा शुभेच्छा प्रकट गर्दै मेरो लेखनलाई यत्तिमै विश्राम दिन्छु ।

कतिपय कुराहरु त यहाँ मनन गर्ने खालका हुन्छन्
आस्था, सद्भाव र व्यवहार नमन गर्ने खालका हुन्छन्
म र मेरो व्यक्तिवादी सोचले हामी र हाम्रो भन्न सके,
आदर्श चिन्तनले नमूना प्रदर्शन गर्ने खालका हुन्छन् ।

सहीखबर अनलाईन संस्करणबाट

अनुपम घलान स्मृति फुटब

हेटौंडा ८ र १८ को विजयी सुरूवात



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिकामा सुरू पहिलो संस्करणको अनुपम घलान स्मृति यू - १६ नगरस्तरीय फुटबल प्रतियोगितामा हेटौंडाको ८ र १८ नम्बर वडाले विजयी सुरूवात गरेका छन् ।

बुधबारबाट सुरू प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा १८ ले ७ नम्बर वडालाई १-० गोल अन्तरले हराएको हो ।

पहिलो हाफको छैठौं मिनेटमा अनमोल मिजारले गरेको गोल नै १८ को जितमा निर्णायक बन्यो । उनी नै खेलको म्यान अफ द म्याच बने । दोस्रो खेलमा हेटौंडा १३ लाई टाइब्रेकरमा स्तब्ध बनाउँदै हेटौंडा ८ ले अघिल्लो चरणको यात्रा पक्का गरेको हो ।

निर्धारित समय एकरएक गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । खेलमा वडा नम्बर ८ ले सुरूवाती अग्रता लिएको थियो । ८ का शिशिर भण्डारीले दोस्रो हाफको आठौं मिनेटमा हेडमार्फत गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको २८ औं मिनेटमा १३ नम्बर वडा खेलमा फर्किंयो । टिमलाई प्रितम थिङको गोल गरेका थिए । खेलको म्यान अफ द म्याच ८ नम्बर का गोलरक्षक प्रकाश परियार घोषित भए ।

हेटौंडा ५ स्थित पिप्ले- क्याम्पा रंगशालामा सुरू भएको प्रतियोगितामा नगरका १९ मध्ये १० वटा वडाको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टिमले १ लाख तथा उपविजेता टिमले ७० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार र अन्य विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रूपैयाँसहित ट्रफी प्राप्त गर्नेछ ।

पहिरोमा परी मृत्यु भएका प्रशिक्षार्थी फुटबल खेलाडी हेटौंडा १३ का अनुपम घलानको स्मृतिमा हेटौंडामा नगरस्तीय फुटबल प्रतियोगिता सुरू भएको हो । नगर खेलकुद विकास समितिको आयोजना संचालित प्रतियोगितालाई हेटौंडा उपमहानगरपालिकाले प्रत्येक वर्ष निरन्तरता दिने जनाएको छ ।

९६ श्रमिक निष्कासित...

सांविधानको धारा ३४ को श्रमको हक र श्रमसंग सम्बन्धीत ऐनको दिएका प्रावधानहरू वमोजिम श्रमीकका हक अधिकारको सुरक्षित गरियोस् भन्नेमा आवाज उठाएका हुन् । "यसका लागि श्रम मन्त्रालयको आवश्यक सहजीकरणको लागि ध्यानाकर्षण गराउँछु" प्रतिनिधि सभाको शुन्य समयमा बर्तौलाले भने ।

जिफन्ठ बागमती प्रदेश कमिटीको ध्यानाकर्षण

उद्योगमा कार्यरत मजदुरको रोजिरोटी नै खोसेर अवकाश गरेको भन्दै नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ठ) बागमतीले ध्यानाकर्षण जनाएको छ । जिफन्ठ प्रदेश कमिटी अध्यक्ष रामहरी नेपालका अनुसार उचित श्रम अभ्यास तथा संगठन स्वतन्त्रतालई श्रमिकहरूको मौलिक हकको रूपमा स्थापित जिफन्ठसँग आबद्ध समग्र उद्योग ट्रेड युनियन नेपाल एन्टारटीक बिस्कुट प्रा. लि. प्रतिष्ठान स्तरिय युनियन स्थापना गरिएको छ ।

सोहि युनियनको पहलमा त्यस प्रतिष्ठानमा कार्यरत श्रमिकहरू मध्ये ८४ जना श्रमिकलाई गत २०८० माघ ७ गते श्रम कार्यालय हेटौंडामा भएको वार्तको माध्यामबाट नियमित रोजगार संझौता गर्ने र बाँकी श्रमिकहरूका हकमा कानुन: योग्य व्यक्तिहरूलाई क्रमश: नियमित रोजगार सम्झौता गर्दै जाने सहमती गरिएको थियो ।

व्यवस्थापकले बिगतमा गरिएको सहमती बमोजिमको कार्य अगाडी नबढाएपछि ९ साउन २०८१ मा ७३ जना श्रमिकहरूले हस्ताक्षर गरि नियमित रोजगार संझौताको लागि उद्योग व्यवस्थापकलाई निवेदन दिएका थिए ।

यस सन्दर्भमा व्यवस्थापकले श्रम विवाद समाधान गर्ने तर्फ ध्यान नदिएकोले प्रचलित श्रम ऐन बमोजिम ५ भदौ २०८१ मा श्रम कार्यालय हेटौंडामा ८५ जना श्रमिकहरूको हस्ताक्षर सहित मेल मिलापका लागि अनुरोध गरिएको थियो । यस सम्बन्धमा ९ कात्तिक २०८१ मा श्रम कार्यालयमा दुबै पक्ष बिच छलफल भई उद्योगमा कार्यरत रहेका मध्ये ११० जना नियमित प्रकृतिको काममा रहेको र उनीहरूको नियमित प्रकृतिकै रोजगार संझौता हुनु पर्नेमा ट्रेड युनियनका वार्ता प्रतिनिधीहरूको अडान रहेपछि प्रतिष्ठानमा छलफल गर्न समय दिइएको नेपालले बताए ।

तर रोजगारदाताले खराब नियत राख्दै ट्रेड युनियन प्रदत्त अधिकार माथी वन्देज लगाउन प्रयत्न गरेको उनले बताए । यसैको विरोधमा जिफन्ठले विभिन्न माग राख्दै आन्दोलन चर्काउँदै आएको छ । एन्टरटीक बिस्कुट प्रा. लि. मा कार्यरत श्रमिकहरू मध्ये ११० जना श्रमिकहरूलाई बिगत ५ वर्ष देखि नियमित प्रकृतीको काम लगाएको भएता पनि श्रम ऐन २०७४ को मर्म र भावना बिपरीत १४ माघ २०८१ मा उद्योगको तर्फबाट सुचना प्रकाशित गरि ९६ जना श्रमिकहरूलाई ३९ माघ २०८१ बाट रोजगारी अन्त गर्ने निर्णय गरेको प्रति महासंघको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

मातृभूमिले ७ विधामा ९ जनालाई सम्मान गर्ने



○ सहीखबर संवाददाता

मकवानपुर । मातृभूमि साहित्य समाज मकवानपुरद्वारा विभिन्न स्रष्टा तथा व्यक्तित्व सम्मानित हुने भएका छन् ।

सोमबार हेटौंडामा बसेको समाजको कार्यसमिति बैठकले ७ वटा विधामा ९ जनालाई एकै मञ्चमा सम्मानित गर्ने निर्णय गरेको सचिव किशन पौडेलले जानकारी दिए ।

समाजले नित्यानगोविन्द स्मृति मातृभूमि सङ्गीत पुरस्कार,२०८० द्वारा गीतकार सुभाषचन्द्र ढुङ्गेल सम्मानित हुने भएका छन् । २० हजार रूपैयाँ राशिको उक्त पुरस्कार समाजसेवी मुक्ति गोविन्द वैद्यले आफ्ना स्वर्गीय पिता सङ्गीतकार नित्य गोविन्द वैद्यको नाममा स्थापना गरेका हुन् । यस्तै श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार,२०८० अनुवादक/साहित्यकार ड.विष्णु भण्डारी (आसाम,भारत) लाई प्रदान गरिने भएको छ । समाजसेवी/शिक्षासेवी आशिष श्रेष्ठले पिता श्याम श्रेष्ठको स्मृतिमा स्थापना गरेको उक्त पुरस्कारको राशि पुरस्कार राशि १५ हजार रूपैयाँ रहेको छ ।

यसैगरी शेखर शर्मा रिजाल स्मृति मातृभूमि शैक्षिक पुरस्कार,२०८० असल पाखिन, बेबी खातुन, परीक्षा खतिवडालाई प्रदान गरिने भएको छ । समाजसेवी अर्चना शर्मा रिजालले आफ्ना पति शेखर शर्मा रिजालको स्मृतिमा स्थापना गरेको उक्त पुरस्कारको राशि जनही १५/१५ हजार रूपैयाँ रहेको छ । पुरस्कार प्रत्येक वर्ष मकवानपुर जिल्लामा सामुदायिक विद्यालयतर्फ प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्र र छात्रालाई प्रदान गरिन्छ ।

यस्तै साहित्यकार नरेन्द्रराज पौडेल (काठमाडौं) लाई ईश्वरी स्मृति मातृभूमि सम्मान, २०८० प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि १५ हजार रूपैयाँ रहेको छ भने मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष कृष्णप्रसाद दाहालले आफ्ना पिताको स्मृतिमा स्थापना गरेको हुन् ।

यो सम्मान विविध क्षेत्रमा उत्कृष्ट योगदान दिने व्यक्तित्वलाई २०७० सालदेखि प्रदान गर्न थालिएको छ । १० हजार रूपैयाँ राशिको हातेमालो मातृभूमि युवा सृजनशील सम्मान,२०८० मकवानपुरे साहित्यकार दीपक गौतमलाई प्रदान गरिने भएको छ । समाजले २०६५ सालमा आफ्नै नाममा स्थापना गरेको यो सम्मान २०७२ सालदेखि मकवानपुरकै 'हातेमालो बचत तथा ऋण सहकारी संस्था' ले प्रायोजन गर्दै आएको छ ।

यसैगरी मकवानपुरका गृष्मा गहतराज मङ्गलादेवी स्मृति मातृभूमि बाल पुरस्कार, २०८० बाट सम्मानित हुने भएकी छिन् । शिक्षासेवी देव प्रसाद श्रेष्ठले आमा मङ्गलादेवी श्रेष्ठको स्मृतिमा २०७७ सालमा स्थापना गरेको उक्त पुरस्कारको राशि ७ हजार पाँच सय रहेको छ । प्रतिभाशाली बालबालिकाहरुलाई यो पुरस्कार प्रदान गरिदै आइएको सचिव पौडेलले जानकारी दिए ।

शारदा उप्रेती स्मृति मातृभूमि सम्मान, २०८० कलाकार ज्ञान रत्न लामालाई प्रदान गरिने भएको छ । अधिवक्ता चूडाराज उप्रेतीले स्थापना गरेको उक्त पुरस्कारको राशि १० हजार रूपैया रहेको छ । पौडेलका अनुसार यो पुरस्कार २०८० सालमा स्थापना गरिएको तथा पहिलो पठक प्रदान गर्न लागिएको हो ।

समाजका अध्यक्ष कृष्ण प्रसाद दाहालको अध्यक्षतामा भएको बैठकले पुरस्कार छनौट समितिको सिफारिस बमोजिमको उल्लेखित पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । २४ फागुन २)८१ मा हेटौंडाको रोयल पाटी प्यालेसमा संस्थाको वार्षिक साधारण सभाको अवसरमा सम्मान समर्पण कार्यक्रम गर्दै शिर्षकगत पुरस्कार प्रदान गरिने बताइएको छ । समाजले गत असोजमा ३ विधामा पुरस्कार प्रदान गरिसकेको छ ।

महालक्ष्मी साहित्य पुरस्कार, २०८० महाकाव्यकार मुना अर्याललाई प्रदान गरेको थियो । ५१ हजार रूपैंया राशिको उक्त पुरस्कार मातृभूमि साहित्य समाज मकवानपुर र महालक्ष्मी विकास बैंकले संयुक्त रूपमा २०५९ सालबाट प्रदान गर्दै आएको छ ।

त्यस्तै, समाजसेवी ईश्वर मैनालीले बुबाको स्मृतिमा स्थापित १० हजार राशिको केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार २०८० पत्रकार माधवप्रसाद न्यौपानेलाई प्रदान गरेको थियो । मकवानपुर श्री सम्मानबाट मकवानपुरका अग्रज शिक्षाप्रेमी बद्रीनाथ शर्मालाई सम्मानित गरिएको थियो ।

मातृभूमि साहित्य समाज, मकवानपुर भाषा, साहित्य, कला, सङ्गीत र संस्कृतिको संरक्षणरसंवर्द्धन गर्ने उद्देश्यले २०५६ सालमा स्थापित संस्था हो। समाजले विभिन्न क्षेत्रमा योजदान पुर्याउने व्यक्तित्वहरूलाई हरेक वर्ष सम्मान गर्दै आएको छ । समाजले विभिन्न १३ विधामा पुरस्कार तथा सम्मान गर्दै आएको जनाएको छ ।

एमाले मकवानपुर विपद् प्रतिकार्य द्रुत टोली बनाउँदै

◯ सहीखबर संवाददाता

मकवानपुर । नेकपा एमाले मकवानपुरले विपद् प्रतिकार्य द्रुत टोली बनाउँने भएको छ । एमाले मकवानपुरले विपद्को समयमा नागरिकको सुरक्षाका लागि विपद् प्रतिकार्य द्रुत टोली निर्माण गर्ने भएको हो ।

एमाले मकवानपुरको जिल्ला विपद् व्यवस्थापन तथा स्वयंमसेवक विभाग र वन तथा वातावरण विभागको संयुक्त बैठकले जिल्लास्तरीय विपद् प्रतिकार्य द्रुत टोली (स्वंमसेवक दस्ता) बनाउने निर्णय गरेको छ । बैठकले ५० जनाको जिल्लास्तरको द्रुत टोली बनाउने निर्णय गरेको विपद् व्यवस्थापन विभाग प्रमुख शिवहरि दाहालले जानकारी दिए ।

बैठकले जिल्लाका १० वटै स्थानीय तहमा पालिकास्तरको विपद् प्रतिकार्य टोली बनाउने योजना पनि बनाएको छ । विभाग प्रमुख दाहालका अनुसार जिल्लास्तरको र गाउँगाउँमा निर्माण गरिने प्रतिकार्य टोलीले विपद्को पूर्वानुमान गरेर पूर्वतयारी वा विपद्ले समस्या बनाएको स्थानमा पुगेर नागरिकको जीवन रक्षा र भौतिक संरचनाको सुरक्षाको दृष्टिकोणले काम गर्ने छ।विपद् प्रतिकार्य टोली निर्माणका लागि विभागले विपद् प्रतिकार्य सम्बन्धी तालिम गर्ने छ ।

'हरेक पालिकामा एमालेले विपद् प्रतिकार्य टोली बनाउनेछ । जिल्लाको टोली भन्दा गाउँको टोली प्रभावित क्षेत्रमा तत्काल पुग्ने भएकाले गाउँगाउँमै विपद् प्रतिकार्यको लागि समूह तयार बनाउन लागिएको हो' विभाग प्रमुख दाहालले भने, 'एमाले मकवानपुर नागरिकको सुरक्षामा संवेदनशील भएर अघि बढेको छ।'

यसैगरी, पार्टीको वन तथा वातावरण विभागले डढेलो नियन्त्रण, अग्निरेखा निर्माण सम्बन्धी सचेतना अभिवृद्धिका लागि समुदायस्तरमा तालिम दिइने भएको छ । विभागले सामुदायिक वन, ढोल विकास संस्था, विद्यालय, गैरसरकारी क्षेत्र, सरकारी निकाय र स्थानीयस्तर मा युवा क्लबहरूलाई सचेतनामूलक तालिम प्रदान गरिने विभाग प्रमुख पञ्चमाया स्याङ्तानले बताइन् ।

विपद् विभागका प्रमुख शिवहरि दाहालको सभाध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर पार्टी इञ्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा बसेको बैठकमा पार्टी जिल्ला सचिव सिता विष्ट, जनसंगठन समन्वय संयन्त्र जिल्ला सहसंयोजक मिलन पाठक, पार्टी जिल्ला सदस्य आकाश अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

तस्करी गरि ल्याइएका २५ वटा गोरू सहित ट्रक नियन्त्रणमा

मकवानपुर । पशु सेवा कार्यालय मकवानपुरले ट्रकमा गोरू तस्करी गरि लैजादै गरेको अवस्थामा बाराको पथलैयाबाट नियन्त्रणमा लिएको छ ।

हेटौंडा हुँदै बारातर्फ गइरहेको २५ वटा गोरू बोकेको बा.प्र.०३-००१ ख १४२४ नम्बर को ट्रक आइतबार कार्यालयले सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीको सहयोगमा ट्रक नियन्त्रणमा लिइए लगतै ट्रकका चालक र गोरू चराउने सहायकहरु फरार भएका छन् । ट्रक चालक फरार भएपछि हेटौंडाबाट अर्को चालक बोलाएर ट्रकलाई हेटौंडा ल्याइएको पशु सेवा कार्यालय मकवानपुरका प्रमुख बज्र किशोर ठाकुरले पत्रकार सम्मेलन गरी जानकारी दिए।

गोरू ओसारपसारका लागि आवश्यक भेटेरिनरी प्रमाणपत्र नक्कली भेटिएको उनले बताए । '२५ वटा जर्सीक्रस गोरू कृषि प्रयोजनका लागि झापातर्फ लगिदै गरेको देखाउन खोजिएको रहेछ' उनले भने 'भेटेरिनरी प्रमाणपत्रमा आबुखैरेनी, तनहुँका भीम राईले लक्ष्मी चौपाया सप्लायर्स मार्फत झापाको हेमादेवी सप्लायर्स लाई गोरू बिक्री गरेको उल्लेख थियो।' प्रमाणपत्रमा डा.ठिकाराम न्यौपानेको हस्ताक्षर देखिए पनि सो कागजात प्रमाणीकरण नभएको उनले जानकारी दिए ।

छानबिनका क्रममा गोरूहरुलाई सर्लाहीको नवलपुर मा ३ दिनसम्म राख्ने र त्यसपछि अर्को ट्रकमा झापा पुर्याउने योजना बनाइएको पाइएको कार्यालय प्रमुख ठाकुरले बताए ।

प्रतिगोरू ५ हजार रूपैयाँको खरिद बिल बनाएर कृषि प्रयोजनका लागि लक्ष्मी चौपाया सप्लायर्स, मकवानपुर १६, हेटौंडाको नाममा बिजक जारी गरिएको थियो।

तनहुँ जिल्ला आबु खैरेनीबाट काकडभिट्टा तर्फ जाँदै गरेको उक्त ट्रक बारा जिल्ला पथलैया राजश्व कार्यालयको समन्वयमा नियन्त्रणमा लिइ पशु सेवा कार्यालय मकवानपुरलाई जिम्मा लगाइएको ठाकुरले बताए ।

यसरी भएको थियो तस्करी नियन्त्रण

४ फागुन आइतबार दिउँसो नै गोरू तस्करी भइरहेको सूचना पाएपछि कार्यालय प्रमुख ठाकुर ट्रकलाई नियन्त्रणमा लिन तयारी अवस्थामा थिए। सरकारी मोटर साइकलमा राजमार्गमन्दा फरक बाटो हुँदै रातोमाटे प्रहरी चौकीमा पुगेको उनी बताउँछन् ।

'त्यहाँ पुग्दा बा.प्र.०३-००१ ख १४२४ नम्बरको ट्रकलाई प्रहरीले रोकेर सामान्य जाँच गरिरहेको देखे' उनले भने । उक्त ट्रकमा २५ वटा जर्सीक्रस गोरू लोड गरिएको थियो।

प्रमुख ठाकुरले प्रहरीलाई ट्रक अवैध रुपमा जाँदैछ भनी जानकारी गराएको बताउँछन् ।तर पनि, प्रहरीले ट्रक नियन्त्रणमा नलिएको उनले बताए ।

"ट्रक नियन्त्रणमा लिन चौकीका इन्चार्ज कुमार फुयालसहित जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक (एसपी) विश्वराज खड्कालाई पनि जानकारी गराए' उनले भने । प्रहरीले नै बाइकमा स्कर्टिङ गरेर नाका कटाइ दिएको ठाकुरले आरोप लगाए ।

रातोमाटे चौकीबाट ट्रक पथलैयातर्फ गएपछि ठाकुर पनि ट्रकको पछिपछि लागेर गएको उनले जानकारी दिए। स्थानीय प्रहरीले कुनै सहयोग नगरेपछि उनी हेटौंडा १५, नयाँ बस्तीस्थित सशस्त्र प्रहरी राजमार्ग सुरक्षा चेकपोस्टका सशस्त्रका असईलाई जानकारी गराएको बताए ।

ठाकुरले सशस्त्र प्रहरी १४ नम्बर हेडक्वार्टरका प्रमुख प्रहरी उपरीक्षक सन्तोष विक्रम शाहसँग समन्वय गरेर पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा खटिएका सशस्त्र प्रहरीले ट्रकलाई नियन्त्रणमा लिएको जानकारी दिए ।

रातोमाटे प्रहरी चौकीका इन्चार्ज कुमार फुयालले भने आफूलाई गोरू तस्करीबारे जानकारी नभएको बताए। "गोरू तस्करी र नियन्त्रणका विषयमा सम्बन्धित कार्यालयहरुबाट मलाई कुनै जानकारी आएको छैन," उनले भने।

घटनाबारे आफूलाई जानकारी नभएको भन्दै उनले चौकीमा सामान्य सुरक्षा जाँचपछि ट्रक छोडिएको बताए। प्रहरीकै संरक्षणमा ट्रकलाई नाका कटाइएको भन्ने आरोप गलत भएको उनको दाबी छ।

नेपालको फौजदारी संहिता २०७४ अनुसार गाई/गोरू वध गर्नेलाई ३ वर्षसम्म कैद र ५० हजार रूपैयाँ जरिवाना हुन सक्छ। गाई/ गोरू मास् बेच्न, बोक्न, ओसारपसार गर्न दण्डनीय अपराध हो। साथै, करदम ऐन, पशु ऐन, वन्यजन्तु संरक्षण ऐन अन्तर्गत तस्करीमा लगनहरुलाई कानुनी कारबाही गरिनेछ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेर मै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

दिपक खड्का अध्यक्ष

१४ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

घटना दर्ता सम्बन्धी सूचना

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

सबैभन्दा बढि रोजगारी दिने नीजि क्षेत्र निर्माण व्यवसायी: मन्त्री लेखक



○ सहीखबर संवाददाता

मकवानपुर । नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले सबैभन्दा बढि रोजगारी दिने नीजि क्षेत्र निर्माण व्यवसायी भएको बताएका छन् । मंगलबार हेटौंडामा दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सवको उद्घाटन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

गृहमन्त्री लेखकले मुलुकको विकासका लागि नर्माण व्यवसायीहरू महत्त्वपूर्ण अंग भएको बताए । मुलुकका सानादेखि ठुला आयोजनाहरू निर्माण गर्ने निर्माण व्यवसायीहरू रहेको बताउँदै उनले भने 'महोत्सव गर्दा अन्तर्क्रिया र निर्माण आइडिया आदानप्रदान हुन गई निर्माण कार्यमा सघाउ पुग्छ ।'

'सरकारले निर्माण व्यवसायीको भुक्तानी दिन नसकेको देभर बाट गुनासो आइरहेको छ' मन्त्री लेखकले भने 'रोकिएका बक्यौता भुक्तानी दिन सुरू भएको छ । बाँकी रहेको बक्यौता पनि सरकारले भुक्तानी गर्ने प्रतिवद्दता व्यक्त गर्दछु ।' अहिलेको सरकार सुशासन कायम मुलुकमा दिगो शान्ति, सुशासन, आर्थिक गतिविधि बढाइ र राष्ट्रिय पुँजीको निर्माण गर्ने पथमा सरकारको सम्मिकरण भएको उनले जानकारी दिए ।

'सरकारले ल्याएको अध्यादेश स्वीकृत भएपछि हामी अघि बढ्छौ' उनले भने, तपाईहरू ढुक्क भएर निर्माण कार्य अघि बढाउनु होस ।' 'निर्माण व्यवसायीले असुरक्षाको महशुस गरे सुरक्षा निकायमा कुरा राख्नुहोस म समाधान गर्ने प्रतिवद्दता व्यक्त गर्दछु' उनले भने । निर्माण कार्य गर्दा गुणस्तरियतामा ध्यान दिनु पर्ने बताउँदै उनले भने 'समयावधी भित्रै निर्माण सम्पन्न गर्ने कुरामा विशेष गरि निर्माण व्यवसायिले ध्यान दिन जरूरी छ ।'

सरकारले विकास निर्माणको काममा ढुलो लगानी गरेको हुन्छ । निर्माण व्यवसायीले समयमा गुणस्तरीय कार्य नगर्दा सरकारको लगानी खेर जाने उनले बताए । 'एउटा निर्माण व्यवसायीले गरेको गलत कार्यले सबैलाई आरोप लाग्ने गर्छ' उनले भने 'व्यवसायीहरूले आफ्नो कार्य सुधार गरेर अघि बढ्न जरूरी छ ।'

उद्घाटन कार्यक्रमलाई स्वागत गर्दै निर्माण व्यवसायी संघ मकवानपुर अध्यक्ष बालगोपाल कंडेलले निर्माण व्यावसायीहरूको रोकिरहेको भुक्तानी निकासाको लागि गृह मन्त्री लेखकको ध्यानाकर्षण गराएका थिए ।

निर्माण व्यवसायी संघ मकवानपुर अध्यक्ष बालगोपाल कंडेलको सभाध्यक्षता तथा गृहमन्त्री लेखको प्रमुख आतिथ्यतामा भएको महोत्सव उद्घाटनसत्रमा प्रतिनिनिधि सभा सदस्य दिपक बहादुर सिंह, राष्ट्रिय सभा सदस्य गोमादेवि तिमल्सिना, बागमती प्रदेशका पुर्व मुख्यमन्त्री डोरमणि पौडेल, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरज चन्द्र लामिछाने, नेपाली काँग्रेस बागमती प्रदेश सभापति इन्द्र वहादुर बानिंया, बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, प्रेम बहादुर पुलामी मगर, लक्ष्मी श्रेष्ठ लगायतका उपस्थिति रहको थियो ।

मकवानपुर जिल्लाको निर्माण तथा औद्योगिक क्षेत्र प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल निर्माण व्यवसायी महासंघ र संघको संयुक्त आयोजनामा महोत्सव आयोजना गरिएको हो ।

महोत्सवमा विभिन्न निर्माण सामग्री उत्पादक, उद्योगी, व्यवसायी, हस्तकला व्यवसायी, महिला उद्यमी, तथा उपभोक्ताका लागि ३५० भन्दा बढी स्टल राखिने छन्।

महोत्सवमा निर्माण उपकरण तथा औद्योगिक उत्पादनका प्रदर्शनीसँगै व्यवसाय प्रवर्द्धनका लागि अन्तरक्रिया कार्यक्रम पनि राखिएको छ। व्यवसायी, बिक्रेता, तथा उपभोक्ताबीच समन्वय कायम गर्न महोत्सवले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

महोत्सवको अर्को मुख्य आकर्षण 'हेटौंडा आइडल' प्रतियोगिता हुने छ जसमा मकवानपुरका नवप्रतिभाहरुले आफ्नो गायन क्षमता प्रस्तुत गर्ने अवसर पाउनेछन्। आइडल प्रतियोगिताको लागि १५ जना प्रतिष्पर्धी छनौट भएका छन् । उनीहरूले महोत्सवको अवधीमा स्टेज प्रस्तुति दिनेछन् । दर्शक समेतको भोटिङ्गमा आइडलको घोषणा गरिने आयोजकले जनाएका छ ।

हेटौंडा १० टिसिएन चौरमा आयोजना हुने महोत्सव फागुन १८ गतेसम्म चल्नेछ । जसमा हरेक दिन राष्ट्रिय तथा स्थानीय कलाकार हरुको सांस्कृतिक प्रस्तुति रहनेछ।

आयोजकका अनुसार महोत्सवमा आउने आगन्तुकका लागि बाल उद्यान, विभिन्न परिकारका खानाका स्टलहरु तथा अन्य मनोरञ्जनात्मक गतिविधि हुनेछन् ।

महोत्सव आयोजक समितिले स्थानीय बासिन्दा, व्यवसायी, तथा सम्पूर्ण इच्छुक नागरिकहरुलाई महोत्सवमा सहभागी हुन अनुरोध गरेको छ। करिव ३ करोडको कारोवार हुने अनुमान गरिएको महोत्सवको लागि १ लाख ५० हजार जनाले अवलोकन गर्ने आयोजकले अनुमान गरेको छ ।

बागमती प्रदेशका सवारी साधनको डिजिटाइजेशन सुरू

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशभित्रका सवारी साधनहरूको विद्युतीय अभिलेख सिर्जना (डिजिटाइजेशन) को सुरू गरिएको छ।

यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधाराबाट बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेममक्त महर्जनले डिजिटाइजेशनको शुभारम्भ गरेका हुन् ।

डिजिटाइजेशनका लागि मन्त्रालयले १ सय जना तथ्यांक प्रविष्ट गर्ने कर्मचारीको व्यवस्था गरिएको यातायात मन्त्री महर्जनले बताए ।

महर्जनका अनुसार छिट्टै प्रदेशभित्रका सबै सवारी साधनको विद्युतीय अभिलेख राखिसक्ने र अनलाइनबाटै सवारी साधनको कर तिर्न सकिने र ब्लु बुक बोक्नु नपर्ने अवस्था निर्माण हुने बताए ।

यातायात क्षेत्रमा काम राम्रो हुन नसकेको जनमानसमा भएको भावनालाई चिर्न डिजिटाइजेशन सफल हुने विश्वास लिएको बताउँदै मन्त्री महर्जनले भने 'भीआर एसमार्फत डिजिटाइजेशन गर्नका लागि पटको कर्मचारी र डेमलपर सँग बसेर समस्या नआउने गरि कार्य गरेका छौं।'

उनले अबको केही समयमा लिखित परीक्षा र सवारी साधन परिचयपत्रको ट्रायलका लागि मात्र यातायात व्यवस्था कार्यालय आउनुपर्ने र अन्य कार्यका लागि अनलाइनबाट गर्न सकिने वातावरण बन्न लागेको बताए।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य तथा पूर्व मन्त्री केशवप्रसाद पोखरेल, प्रदेश सभा सदस्य रघुनाथ महर्जन, प्रदेश यातायात मन्त्रालय सचिव बिरेन्द्रदेव भारती, यातायात व्यवस्था कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो।

नरेशको नौतुनाको रेल युद्ययुबमा

मकवानपुर । लोकगायक खेम सेन्चुरी र मेलिना राईको स्वर रहेको लोक दोहोरी गीत नौतुनाको रेल युद्ययुबमा सार्वजनिक भएको छ । मोडल तथा कलाकार नरेश एमसीले आफ्नो युद्ययुब च्यानल मार्फत गीतको भिडियो २ फागुनमा सार्वजनिक गरेका हुन् ।

गीतमा नरेशसँगै जुना बिश्वकर्माले अभिनय गरेका छन् । गीतमा उनले भारतीय सेनामा कार्यरत सैनिक अधिकृतको भूमिकामा छन् भने जुनाले गाउँले युवतीको भूमिकामा अभिनय गरेकी छन् । लाहुरे र उनकी प्रेमिका बीचको प्रेम दर्शाउन गीत तयार गरिएको उनले बताए ।

ऋषि खड्काले लेखेको गीतलाई केशव बडुले संगीत संयोजन गरेका छन् । भिडियो अजय रेग्मीले खिचेको गीतको भिडियो निर्देशन तथा नृत्य निर्देशन मौसम हिमालीको रहेको छ । एमसी सशस्त्र प्रहरीका कर्मचारी हुन् । पेशागत कर्मसंगै कलाकारितालाई समेत निरन्तरता दिँदै आएका उनले दशैं तिहारको अवसरमा फौजी जीवनलाई प्रतिनिधित्व गर्ने भिडियोहरु सार्वजनिक गर्दै आएका छन् ।

मेरो माया राष्ट्र सेवक, लाहुरेको चिनो, फौजीको बर्दीमा जस्ता गीतहरु बजारमा ल्याएका उनको लाहुरे म त सोल्टिनी गीत चर्चित छ । एक वर्ष अघि रिलिज भएको गीतको भिडियोलाई युद्युब मार्फत सार्वजनिक गरिएको हो। चार दिन अघि युद्ययुबमा रिलिज गरिएको भिडियोलाई हालसम्म १ करोड आठ लाख बढीले हेरेका छन् ।

सातौं बागमती गोल्डकप: एपीएफ क्लब सेमिफाइनल प्रवेश



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको बागमती गाउँपालिकामा जारी बागमती गोडकप अन्तरगत विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लब सेमिफाइनल प्रवेश गरेको छ ।

बुधबारको तेस्रो क्वार्टरफाइनल खेलमा जित निकाल्दै एपीएफ सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो । बागमती गाउँपालिका-४ स्थित शहीद स्मृति रंगशालामा भएको खेलमा संकटा क्लबलाई १-० गोलअन्तरले हराउँदै एपीएफ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।

एपीएफको जीतमा सुजन कुमार पुलामीले ८३ औं मिनेटमा निर्णायक गोल गरेका थिए । पुलामीले मैदान प्रवेश गरेको २ मिनेट मै टिमलाई गोल दिलाएका थिए । उनी खेलको ८१ औं मिनेटमा अनिष महर्जनको वैकल्पिक खेलाडीका रुपमा मैदान प्रवेश गरेका थिए । म्यान अफ द म्याच एपीएफका मणि कुमार लामा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि एपीएफ भरतपुर एफसीलाई हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो भने संकटा भने वाई पाएर सिधै क्वाटरफाइनलमा स्थान पाएको हो ।

गोल्डकपमा सहभागी संकटा र एपीएफ यसअघिका संस्करणको उपविजेता टोलीहरु हो । एपीएफ छैठौं संस्करणमा मछिन्द्र क्लबसँग पराजित हुँदै उपविजेता बनेको थियो भने संकटा पाँचौ संस्करणमा क्यामरुनको भुटनीज स्पोटर्ससँग पराजित हुँदै उपविजेता बनेको थियो । प्रतियोगिता अन्तर्गत फागुन ८ गते बिहीबारको अन्तिम क्वाटरफाइनल खेल मच्छिन्द्र फुटबल क्लब, काठमाडौं र बागमती युवा क्लब, सर्लाहीबीच हुने आयोजकले जनाएको छ । बिहीबारको खेलबाट सेमिफाइनलको समिकरण पुरा हुनेछ ।

प्रतियोगता अन्तरगत मंगलबार भएको दोस्रो क्वाटर फाइनल खेलबाट थ्री स्टार क्लब काठमाडौं समिफाइनल प्रवेश गरेको छ । उसले हिमालयन शेर्पालाई ४-० गोल अन्तरले हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो । यस्तै सोमबार भएको पहिलो क्वाटरफाइनलबाट त्रिभुवन आमी क्लबलाई हराउँदै चर्च व्वाइज युनाइटेड सेमिफाइनल प्रवेश गरेको छ । विभागीय टोली आमीलाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै चर्च व्वाइजले सेमिफाइनल यात्रा तय गरेको हो ।

फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछ । प्रतियोगिताको सवीत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार सहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ ।

बागमतीको लगानी र श्रमदानबाट बन्यो शहीद रंगशाला

मकवानपुरको पुवी क्षेत्रमा पर्ने बागमती गाउँपालिकाले आफ्नै लगानीमा फुटबल रंगशाला निर्माण गरेको हो । पालिकाको केन्द्र रहेको वडा ४ स्थित झुरझुरेमा शहीद स्मृति रंगशालाको निर्माण गरेको हो । उक्त रंगशालामा बागमती गोल्डकपको सातौं संस्करणको खेल भइरहेको छ ।

पालिकाले गत आर्थिक वर्षको १७ असोजमा ठेक्का आह्वान गरी रंगशाला निर्माण कार्य अघि बढाएको थियो ।

माघ २०८१ को पहिलो साता नै रंगशालाको काम सकेर निर्माण कम्पनीले पालिकालाई हस्तान्तरण गरेको पालिका अध्यक्ष सर्केश घलानले बताए ।

यसअघि प्यारापिटसहित मैदान अभावमा पहिलोदेखि छैठौं संस्करणसम्मको बागमती गोल्डकप गाउँपालिकाको-८ स्थित जनता माविको खेल मैदानमा संचालन गरिरहेको थियो ।

आयोजनाको निर्माण हेटौंडा उपमहानगरपालिका-५ को सञ्जय निर्माण सेवाले गरेको हो । उक्त निर्माण कम्पनीले भेरियसनसहित ३ करोड ६० लाख ८८ हजार रुपैयाँमा काम सम्पन्न गरेको पालिकाले जनाएको छ ।

गाउँपालिका र निर्माण व्यवसायीबीच ४ माघ २०८० गते भएको सम्झौतामा रंगशालाको निर्माण कार्य ३ माघ २०८१ सम्म सम्पन्न गरिसक्नुपर्ने उल्लेख थियो ।

२२ हजार ९ सय २५ वर्गमिटर क्षेत्रफलमा निर्माणाधीन रंगशालाको उत्तर-पश्चिम दिशामा ६२ मिटर लम्बाइ र १२.५ मिटर चौडाइको प्यारापिट निर्माण गरिएको छ । प्यारापिट करिब २ हजार ५ सय दर्शक अटाउने क्षमताको छ । रंगशालामा फेन्सिङ वायरसहित घेराबार, चेन्जिङ रुम, शौचालयको निर्माण पनि गरिएको छ ।

'यो रंगशाला निर्माण गर्न गाउँपालिकाले मात्र लगानी गरेको छैन, स्थानीयले झन्डै १० लाख रुपैयाँभन्दा बढीको श्रमदान गरेका छन्' पालिका अध्यक्ष घलानले भने । गाउँपालिकाले खेलकुद क्षेत्रमा विगत वर्षदेखि नै लगानी गर्दै आएको छ । गाउँपालिकाका ९ वटै वडामा खेलकुद मैदान निर्माण गरिएको छ।'

पालिकाले चालु आवमा खेलकुदको पूर्वाधार निर्माण गर्न र प्रतियोगिता सञ्चालन गर्न २ करोड रुपैयाँ बजेट विनियोजित गरेको बताइएको छ । बागमती गाउँपालिका मकवानपुरका ८ गाउँपालिकामध्ये खेलकुदका लागि बढी लगानी गर्ने पालिका भएको उनले जानकारी दिए ।



हेटौंडा २ को अत्यन्त जरुरी सूचना सूचना सूचना

सार्वजनिक सेवा लिँदा ध्यान दिऊँ

- ☞ सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
- ☞ सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- ☞ आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- ☞ सेवा लिन जाँदा कर्मचारीहरुसँग विनम्र व्यवहार गरौं,
- ☞ कर्मचारीहरुलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- ☞ कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- ☞ सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखा
- ☞ सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

अध्यक्ष: विष्णु गोपाल महर्जन

२ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

प्रजातन्त्रको सम्मान गरौं

- ☞ राज्य शक्तिको स्रोत जनता हुन्,
- ☞ निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- ☞ आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- ☞ नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- ☞ प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- ☞ कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो ।
- ☞ शासकीय क्रियाकलापमा नागरिक सहभागिता प्रतिनिधित्व सुनिश्चित गरौं,
- ☞ सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- ☞ सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड